समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०५/१२ बैठक संख्याः ५३

बैठक प्रारम्भ समयः विहानको ११:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको ५१ औं कार्यपालिका बैठकबाट निर्णय भएबमोजिम तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ अनुसारको स्वीकृत पदमध्ये रिक्त रहेको सहायक कम्प्युटर अपरेटर पदसंख्या २ (दुई) र इन्जिनियरिङ सेवा/सिभिल समूह, सव इन्जिनियर पदसंख्या १ (एक) समेत समावेश गरी करारमा पदपुर्तिको लागि नियमानुसारको प्रकृया शुरु गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२. अमेरिकाको COLORADO स्थित खाँदबारी नगरपालिकाको भगिनी शहर SUPERIOR CITY को निमन्त्रणामा नगरप्रमुखज्यू भ्रमणको लागि जानुहुने भएकोले उक्त भ्रमणको लागि नगरपालिकाबाट कुनैपनि आर्थिक व्ययभार नहुने गरी मिति २०८१/०५/१३ गतेदेखि २०८१/०६/०५ गतेसम्मको नगरप्रमुखज्यूको भ्रमण सफल रहोस् भन्ने कामना सहित भ्रमण तालिका स्वीकृत गर्ने ।

३. कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को अनुसूची - १ को घ (२) मा **"जलविद्युत, उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद हुने जग्गाको लिखत पारित गर्दा सोमा लाग्ने रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ"** भन्ने उल्लेख भएबमोजिम श्री इसुवा इनर्जी प्रा. लि. ले प्रसारणलाइन निर्माणको क्रममा खरिद हुने नगरक्षेत्रभित्रको जग्गाको लागि छुट उपलब्ध गराउन सिफारिस पाउँ भनी निवेदन पेश गरेको हुँदा उल्लिखित प्रयोजनको लागि खरिद हुने देहायको जग्गाको रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुटको लागि मालपोत कार्यालयमा सिफारिस गर्ने ।

**देहाय :**

| क्र.सं. | जग्गाको ठेगाना | कित्ता नं. | कैफियत |
|---|---|---|---|
| १ | साविक सित्तलपाटी गा. वि. स. वडा नं. ४ | ७८२, ८२०, ६९० र १०४३ | |
| २ | साविक सित्तलपाटी गा. वि. स. वडा नं. ५ | ६७९, ५४७, १३६, १३७, ५११ र ४१५ | |
| ३ | साविक सित्तलपाटी गा. वि. स. वडा नं. ६ | ५६, ४९, ७७८, १०३८, १०३९, १००७, ८६७, १३१८, १८५०, १८५२ र १९०३ | |
| ४ | साविक सित्तलपाटी गा. वि. स. वडा नं. ७ | ३४९, १७४१, १७४२, ९३ र १०५६ | |

४. खाँदबारी नगरपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन (BFS) प्रतिवेदन परामर्शदाताकोतर्फबाट पेश भएबमोजिम स्वीकृत गरी उत्खनन्/निकासीसम्बन्धी नियमानुसार प्रकृया अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७८, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्या: ५३

बैठक मिति: २०८१/०५/१२

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

५. कार्यपालिका बैठकमा पेश भएको देहायबमोजिम कार्यविधिहरु पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने ।

**देहाय:**

क. खाँदबारी नगरपालिकाको भवन निर्माण सम्पन्न अभिलेखीकरणसम्बन्धी कार्यविधि, २०८१

ख. खाँदबारी नगरपालिकाको बसपार्क सञ्चालन कार्यविधि, २०८१

ग. खाँदबारी नगरपालिकाको महिला विकास समूह/समिति निगरानी समूह गठन, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८१

६. खाँदबारी नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ को दफा ६ को टोल विकास संस्थाको कार्यहरुमा पेश भएबमोजिम "सरसफाईसम्बन्धी कार्यक्रमहरु टोलमा समूह गठन गरी कार्यसञ्चालन गर्ने" भनी थप गर्ने ।

७. श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत यस नगरपालिकालाई हस्तान्तरण भएको बा २ झ ३३२ नं. को सवारीसाधन प्राविधिक प्रतिवेदनको आधारमा मर्मतसम्भार वापत्‌को रकम सम्बन्धित मर्मतकर्तालाई नियमानुसार भुक्तानी दिने ।

८. विद्युतीय सवारीसाधनहरुको चार्जिङ स्टेशनसम्बन्धी व्यवसाय दर्ताको लागि नियमानुसारको प्रकृया पुरा गरी आएमा नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएबमोजिम शुल्क लिई व्यवसाय दर्ता प्रकृया अगाडि बढाउनको लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

९. खाँदबारी नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२ को दफा ६ को वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्डको उपदफा ९ मा उल्लेख भएको भवन निर्माणसम्बन्धी FLOOR AREA RATIO (FAR) सम्बन्धमा नगरकार्यपालिकाको मिति २०८०/११/११ को बैठक निर्णय अनुसार नगरक्षेत्रभित्र भवन निर्माणसम्बन्धी मापदण्ड अध्ययन गरी पेश गर्न गठित कार्यदलको मिति २०८१/०२/२० निर्णयसहित पेश भएबमोजिम देहाय अनुसार संशोधन गर्ने ।

**देहाय :**

| हाल भएको व्यवस्था | संशोधन पश्चात् कायम भएको व्यवस्था |
|---|---|
| ९. खाँदबारी नगरपालिकाको लागि FAR: 2.50 | ९.१. आवासीय भवन निर्माणको हकमा FLOOR AREA RATIO (FAR) ३.२५ हुनेछ ।<br>९.२. व्यापारिक र औद्योगिक भवन निर्माणको हकमा FLOOR AREA RATIO (FAR) ३.५० हुनेछ । |

१०. खाँदबारी नगरपालिकाको मिति २०८१/०३/३० को कार्यपालिका बैठकको निर्णयानुसार नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको दरबन्दी एकीन तथा आगामी आर्थिक बर्षमा करार अवधि थप गर्ने सम्बन्धमा उपलब्ध श्रोतसाधन, कार्यबोझ र आन्तरिक आय समेतको तुलनात्मक अध्ययन गरी पेश गर्न गठित कार्यदललाई

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

**बैठक मिति:** २०८१/०५/१२ **बैठक संख्या:** ५३

**बैठक प्रारम्भ समय:** विहानको ११:०० बजे **बैठक समापन समय:** बजे

नगरपालिकाको च. नं. ३०२ मिति २०८१/०५/०४ को पत्रबाट कार्यक्षेत्रगत शर्तहरु समेत तोकी कार्यदेश भएकोमा कार्यदलकोतर्फबाट पेश भएको प्रतिवेदन उपर कार्यपालिका बैठकमा छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम कार्यान्वयनको लागि देहायबमोजिम व्यवस्था गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

देहाय:

| क्र.सं. | कर्मचारीहरुको विवरण | सिफारिस गरिएको व्यवस्था |
|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाको बखतदेखि हालसम्म करारमा कार्यरत कर्मचारीहरुको हकमा | प्रदेश लोक सेवा आयोगको च. नं. २८ मिति २०८१/०४/०७ को पत्रबाट एक पटकको लागि आन्तरिक प्रतिष्पर्धा गरी स्थायी हुन अवसर दिने भनी पत्राचार भएकोले सो प्रकृया पुरा नहुञ्जेलसम्म करार थप गरी प्रकृया पुरा भई स्थायी नभएमा स्वत: करार भङ्ग हुने गरी कार्यान्वयन गर्ने |
| २ | खाँदबारी नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको पदमा कार्यरत कर्मचारीहरुको हकमा | एक पदमा एक जना कायम हुने गरी ६ (छ) महिनाको करार अवधि थप गरी कार्यान्वयन गर्ने । |
| ३ | श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को च. नं. ४१७ मिति २०८०/१०/१५ को पत्र तथा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २२ बुँदे सुझाव विपरित कार्यरत सल्लाहकारहरुको हकमा | यस आ. व. को लागि हालसम्म कार्यरत अवधिको तलबभत्ता भुक्तानी गर्नुपर्ने भएकोले २०८१ भाद्र १५ सम्म करार अवधि थप गरी सो पश्चात् करार अवधि थप नगर्ने । |
| ४ | खाँदबारी नगरपालिकाको स्वीकृत दरबन्दी संरचना (संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७६ प्रतिवेदनको पद समेत) भन्दा वाहेकको पदमा कार्यरत कर्मचारीहरु र कार्यक्रमतर्फ कार्यरत कर्मचारीहरुको हकमा | हालसम्म कार्यरत रहनुभएको अवस्थामा सो अवधिको तलबभत्ता समेत भुक्तानी गर्नुपर्ने भएकोले ३(तीन) महिनाको करार थप गरी सोपश्चात् करार थप नगर्ने साथै कार्यक्रम कार्यान्वयनसम्बन्धी निर्देशिका/परिपत्र अनुसार कार्यक्रम सञ्चालनको लागि नगरपालिकाको पुरै दायित्व रहने गरी करार थप नगर्ने तथा हालसम्म कार्यरत रहेमा सो अवधिको तलबभत्ता समेत भुक्तानी गर्नुपर्ने भएकोले ३(तीन) महिनाको करार थप गरी सोपश्चात् करार थप नगर्ने |

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७७, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत